गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**स्वास्थ्य कार्यालय पर्वत**
कुश्मा ,नेपाल

*स्वास्थ्य कार्यालय , पर्वतको*

# जनस्वास्थ्य बुलेटिन

**वर्ष :२ अंक :५ महिना :५ असार २०८१**

## पर्वत जिल्ला पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा कार्यक्रम

**मिति २०८१/०३/०५:** जिल्ला खोप समन्वय समिति पर्वतको आयोजनामा पर्वत जिल्लालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको छ। जिल्ला खोप समन्वय समिति पर्वतका संयोजक श्री बिष्णुराम बि.क. को अध्यक्षतामा संचालन भएको उक्त घोषणा कार्यक्रम प्रमुख अतिथि गण्डकी प्रदेश शभा सदस्य माननीय मित्रलाल बस्याल ,बिशेष अतिथि सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका सचिव डा बिनोद बिन्दु शर्मा , समितिका पदाधिकारीहरु, स्थानीय तहका मेयर तथा प्रमुखहरु, उपमेयर तथा उपाध्यक्षहरु, प्रमुख जिल्ला अधिकारी, ७ वटै स्थानीय तहका स्वास्थ्य शाखा तथा स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरू, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु, पत्रकारहरु, जिल्लास्थित सरोकारवालाहरुको उपस्थतिमा सम्पन्न भएको थियो । हालसम्म प्राप्त प्रगतिहरूको समीक्षा गर्दै आगामी दिनहरूमा पनि कोही बच्चा नछुट्ने गरी खोप कार्यक्रम सञ्चालन गर्न सबै सरोकारवालाहरुले प्रतिबद्धता जनाउनु भएको छ। यस अवसरमा यस बर्ष पर्वत जिल्लाका १५ देखि ५९ महिना सम्मका ५२९६ जना बालबालिकाहरूलाई पूर्णखोप लगाएको सुनिश्चित गरिएको छ। यस कार्यक्रमलाई सभ्य र भव्य बनाउन तथा पूर्णखोपको प्रक्रियामा महत्वपूर्ण योगदान पुर्याउनु हुने यस जिल्लामा कार्यरत सम्पूर्ण स्वास्थ्यकर्मीहरू, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु तथा सम्पूर्ण शुभचिन्तकहरुमा आभार व्यक्त गर्दछौं।










## पोषण पैरवि तथा अभिममुखिकरण कार्यक्रम

**मिती २०८१/०३/०१:** स्वास्थ्य कार्यालय पर्वतको आयोजना तथा कुश्मा नगरपालिका पर्वतको समन्वयमा पोषण पैरवि तथा अभिममुखिकरण कार्यक्रम जिल्ला समन्वय समितिका प्रमुख बिष्णुराम बि.क. को अध्यक्षतामा सम्पन्न भएको छ। कुश्मा न.पा. उपाध्यक्ष स्वस्थानी रीजालको आतिथ्यतामा सम्पन्न कार्यक्रममा प्रजिअ श्री केदारनाथ शर्मा,स प्र जि अ,वडाध्यक्षहरू कार्यपालिका सदस्यहरूशाखा प्रमुखहरू लगायत ५१ जनाको सहभागीता रहेको थियो। उक्त कार्यक्रममा कृषि ज्ञान केन्द्र पर्वत, पर्वत अस्पतालका मेडिकल अधिकृत तथा स्वास्थ्य कार्यालय पर्वतका प्रमुख श्री प्रविण शर्माले सहजिकरण गर्नुभएको थियो। कार्यक्रमको सन्चालन कार्यक्रम संयोजक तेज प्रसाद सुवेदीले गर्नुभएको थियो।






## सायना प्रेस( Sayana press) को विस्तार तथा प्रयोग सम्बन्धी जिल्ला स्तरीय अभिमुखिकरण गोष्ठी

**मिति २०८१/०३/०३ गते**: स्वास्थ्य कार्यालय पर्वतको वार्षिक स्वीकृत कार्यक्रम अनुसार स्वास्थ्य कार्यालय पर्वतको आयोजनामा परिवार नियोजनको अस्थाई साधन सायना प्रेस( Sayana press) को विस्तार तथा प्रयोग सम्बन्धी जिल्ला स्तरीय अभिमुखिकरण गोष्ठी सम्पन्न भएको छ। सो गोष्ठीको अध्यक्षता स्वास्थ्य कार्यालय पर्वतका प्रमुख प्रविण शर्माले गर्नु भएको थियो भने कार्यक्रमको सहजीकरण पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका प्रमुख अस्पताल नर्सिङ प्रशासक कमला रानाले गर्नु भएको थियो। कार्यक्रमको सन्चालन तथा व्यवस्थापन स्वास्थ्य कार्यालय पर्वतका परिवार नियोजन सुपरभाईजर निरिक्षक नारायण रेग्मीले गर्नु भएको थियो भने गोष्ठीमा पर्वत जिल्लाका सवै स्थानिय तहका स्वास्थ्य शाखा प्रमुख ,परिवार नियोजन कार्यक्रम फोकल पर्सन, स्वास्थ्यकर्मी पर्वत अस्पताल वरिष्ठ नर्सिङ अधिकृत सरस्वती बराल, स्वास्थ्यकर्मी र स्वास्थ्य कार्यालय पर्वतका कार्यक्रम संयोजकहरुको सहभागिता रहेको थियो।






## खानेपानी गुणस्तर तथा सुरक्षा योजना सम्बन्धि अभिमुखिकरण कार्यक्रम

**२०८१/०३/०३**: स्वास्थ्य कार्यालय पर्वतको आयोजना तथा कुश्मा नगरपालिका र मोदी गाउपालिका पर्वतको समन्वयमा खानेपानी गुणस्तर तथा सुरक्षा योजना सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा पालिका भित्र रहेका विभिन्न खानेपानी आयोजनाका प्रतिनिधि तथा निर्वाचित जनप्रतिनिधि ज्युहरुको सहभागिता रहेको थियो ।उक्त कार्यक्रमको सहजिकरण विश्व स्वास्थ्य सगठनका गण्डकी प्रदेश स्वास्थ्य अधिकृत अनिल भट्टराई र स्वास्थ्य कार्यालय पर्वतका कार्यक्रम संयोजक तेजप्रसाद सुवेदीले गर्नुभएको थियो।





## किटजन्य रोगहरुको अभिमुखिकरण तथा अन्तरक्रिया कार्यक्रम

**मिति २०८१/०३/०६ गते:** स्वास्थ्य कार्यालय पर्वतको आयोजनामा मोदि गाउँपालिका-२ देउपुर स्वास्थ्य चौकीकिमा "किटजन्य रोगहरुको अभिमुखिकरण तथा अन्तरक्रिया कार्यक्रम" देउपुर स्वास्थ्य चौकी संचालन तथा व्यवस्थापन समितिका अध्यक्ष बेल वहादुर कार्की क्षत्रीको अध्यक्षता सम्पन्न भएको छ। उक्त कार्यक्रमको सहजिकरण स्वास्थ्य कार्यालय पर्वतका जनस्वास्थ्य अधिकृत अन्जली पिसी र देउपुर स्वस्वास्थ्य चौकी प्रमुख श्रीस लालिमले गर्नु भएको थियो। कार्यक्रममा स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति (HFOMC), स्वास्थ्य चौकीमा कार्यरत स्वास्थ्यकर्मीहरु र महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका , वार्ड कार्यालयमा कार्यरत कर्मचारी गरी जम्मा २४ जनाको सहभागिता रहेको थियो। कार्यक्रममा डेंगी, कालाजार, स्क्रव टाइफस, औलो, चिकनगुनिया र जीका भाइरस रोगहरुबारे छलफल गरिएको थियो।





## माहिलाहरुको लागि निशुल्क स्क्रिनिङ शिविर

**मिति २०८१/०३/०८ गते:** स्वास्थ्य कार्यालय पर्वतको आयोजना र जलजला गाउँपालिकाको समन्वयमा माहिलाहरुको लागि निशुल्क स्क्रिनिङ शिविर जलजला गाउँपालिकाका उपाध्यक्ष दिपक आचार्यको अध्यक्षतामा र स्वास्थ्य कार्यालय पर्वतका प.हे.न.नि सुमन शर्माको ब्यवस्थापनमा र जनस्वास्थ्य अधिकृत अन्जली पि.सिको संचालनमा धाइरिङ स्वास्थ्य चौकीमा सम्पन भएको छ। पर्वत अस्पतालबाट स्त्री रोग बिषेशज्ञ डा सन्तोषी थपलिया, एमडीजपि डा मिलन अवाले, ब.अ न.नि स्वरस्वती बराल , कुश्मा नगरपालिकाका सि.अ.न.मी दुर्गा सापकोटा ,जलजला गा.पा स्वाथ्य शाखाका सि.अ.न.मी अन्जली बैरागी ,VIA तालिम प्राप्त स्वास्थ्यकर्मी शान्ती शर्मा, राधा शर्मा र दिलु रिजाल सहितको टिमको उपस्थितीमा सेवा प्रवाह गरिएको उक्त शिविरमा १०२जनाले सेवा लिनु भएको थियो जसमा ८५ जना मा VIA बिधि मार्फत पाठेघरको मुखको क्यान्सरको स्क्रिनिङ र स्तन क्यान्सरको स्क्रिनिङ गरिएको थियो जसमध्ये ४ जनामा VIA positive आएको छ। ६ जनाको आङ खस्ने समस्याको ब्यवस्थापन गरि पोखरा स्वास्थ्य बिज्ञान प्रतिस्ठानमा प्रेषण गरिएको थियो। शिविर सञ्चालन र सम्पन्न गर्न सहयोग गर्नुहुने सम्पूर्ण सबै लाई स्वास्थ्य कार्यालय पर्वतको तर्फबाट बिषेश धन्यवाद व्यक्त गर्दछौ।











## स्वास्थ्यकर्मिहरुलाई २ दिने विधुतिय स्वास्थ्य ब्यवस्थापन सुचना प्रणाली (eHMIS) को अभिमुखिकरण कार्यक्रम


स्वास्थ्य कार्यालय पर्वतको आयोजना तथा मोदी गाउँपालिका (२०८१/३/७-८) र महाशिला गाउँपालिका (२०८१/३/१२-१३)को समन्वयमा स्वास्थ्यकर्मिहरुलाई २ दिने विधुतिय स्वास्थ्य ब्यवस्थापन सुचना प्रणाली (eHMIS) को अभिमुखिकरण कार्यक्रम साथै स्वास्थ्यचौकीहरुमा eHMIS Software को जडान कार्य सम्पन्न भएको छ। कार्यकर्मको सहजिकरण स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेश पोखराका तथ्याङ्क अधिकृत प्रविण भण्डारी ज्यु र स्वास्थ्य कार्यालय पर्वतका तथ्याङ्क पोकल पर्सन रामचन्द्र सुवेदीले गर्नुभएको थियो।






## मासिक भर्चुअल सेसन भाग ३

स्वास्थ्य कार्यालय पर्वतको मासिक भर्चुअल सेसन भाग ३ अन्तर्गत स्वास्थ्य संस्थामा eLMIS: समस्या तथा समाधान शिर्षकमा सम्पन्न भएको छ। उक्त सेसनको संचालन स्वास्थ्य कार्यालय पर्वतका प्रमूख प्रविण शर्माले गर्नुभएको थियो भने सहजीकरण eLMIS तालिमका विषयबिज्ञ प्रविण तिमिल्सिनाले गर्नु भएको थियो। भाग ३ को सेसनमा ६० जना स्वाथ्यकर्मीहरुको सहभागिता रहेको थियो।




## डेगीं रोग नियन्त्रण कार्यक्रम अन्तर्गत खोज र नष्ट अभियानको अभिमुखिकरण कार्यक्रम

**मिती २०८१/०३/१२ गते:** बर्षाको झरी सगै लामखुट्टेको कारण डेङ्गु रोग फैलन सक्ने भएकाले सबैजनालाई सचेत बनाउने उदेश्य सहित स्वास्थ्य कार्यालय पर्वतको आयोजनामा डेगीं रोग नियन्त्रण कार्यक्रम अन्तर्गत लामखुट्टेको वासस्थान तथा लार्भा खोज र नष्ट अभियानको अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रमको संचालन र सहजीकरण स्वास्थ्य कार्यालय पर्वतका जनस्वास्थ्य अधिकृत अन्जली पि सी र सि अ हे ब अधिकृत तेज प्रसाद सुवेदी गर्नु भएको थियो भने कार्यक्रममा सुरक्षाकर्मी, स्वास्थ्कर्मीहरु ,माहिला स्वास्थ्य स्वयं सेबिका गरी ४० जनाको सहभागिता रहेको थियो।





## महामारी तथा प्रकोपजन्य अवस्थामा बहुनिकाय द्रुत प्रतिकार्य टोली परीचालन सम्बन्धि अभिमुखिकरण कार्यक्रम

**मिती २०८१/०३/१२ गते:** स्वास्थ्य कार्यालय पर्वतको आयोजनामा महामारी तथा प्रकोपजन्य अवस्थामा बहुनिकाय द्रुत प्रतिकार्य टोली परीचालन सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रमको संचालन र सहजीकरण स्वास्थ्य कार्यालय पर्वतका सि.अ.हे.ब. तेज प्रसाद सुवेदी, पर्वत अस्पतालका मे.अ डा. सनम ढकाल र डा. दिपक रेग्मीले गर्नु भएको थियो भने जिल्लाका सबै स्थानीय तहका द्रुत प्रतिकार्य टोलीका सदस्य, जिल्ला प्रहरी कार्यालयका प्रतिनिधि, ससस्त्रबल प्रतिनिधि र गोदाम आर्मी प्रतिनिधि , रेडक्रस सोसाइटी प्रतिनिधी गरी २७ जनाको उपस्थित रहेको थियो।





## Pelvic Organ Prolapse सम्बन्धि अभिमुखिकरण कार्यक्रम

**मिती २०८१/०३/१३ गते:** स्वास्थ्य कार्यालय पर्वतको आयोजनामा नर्सिङ कर्मचारीहरुको लागि Pelvic Organ Prolapse सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ । ३१ जना नर्सिङ कर्मचारीहरुको सहभागीता रहेको कार्यक्रममा Pelvic Organ Prolapse को पहिचान र व्यवस्थापन, Kegel exercise , रिङ पेशरी, अभिलेख प्रतिबेदन जस्ता महत्त्वपूर्ण विषयमा छलफल भएको थियो जसलाई पर्वत अस्पताल कुश्माका स्त्री रोग विशेषज्ञ डा. सन्तोषी थपलिया, वरिष्ठ अस्पताल नर्सिङ निरीक्षक सरस्वती वराल , जनस्वास्थ्य अधिकृत अन्जली पि.सि र पब्लिक हेल्थ नर्सिङ निरीक्षक सुमन शर्माले सहजीकरण गर्नुभएको थियो ।






## स्वाथ्य क्षेत्रका लागि समाजिक जवाफदेहिताको लागि तालिम

**मिति २०८१/३/१४-१५ गते:** स्वास्थ्य कार्यालय पर्वतको आयोजनामा स्वाथ्य क्षेत्रका लागि समाजिक जवाफदेहिताको लागि तालिम स्वाथ्य कार्यालय पर्वतका प्रमूख प्रविण शर्माको अध्यक्षतामा सम्पन्न भएको छ। कार्यक्रमको सहजीकरण स्वास्थ्य कार्यालय पर्वतका जनस्वास्थ्य निरीक्षक प्रकाश गौतम र मोदि गाउँपालिका जनस्वाथ्य निरीक्षक प्रकाशक सुवेदीले गर्नु भएको थियो भने कार्यक्रममा ७ स्थानित तह बाट स्वास्थ्यकर्मी तथा संचारकर्मी गरी ९ जना तालिम लिनु भएको थियो।






## किटजन्य रोगहरु सम्बन्धि सरोकारवालासग वैठक तथा अभिमुखिकण कार्यक्रम

**मिती २०८१/०३/२१ गते:** बर्षाको झरी सगै लामखुट्टे, किरा, भुसुना को जोखिमले किटजन्य रोगहरुको संक्रमण फैलन सक्ने भएकाले सबैजनालाई सचेत बनाउने उदेश्य सहित स्वास्थ्य कार्यालय पर्वतको आयोजनामा "किटजन्य रोगहरु सम्बन्धि सरोकारवालासग वैठक तथा अभिमुखिकण कार्यक्रम" सम्पन्न भएको छ। स्वास्थ्य कार्यलय पर्वतका कार्यालय प्रमुख श्री प्रविण शर्माको अध्यक्षतामा संचालन भएको उक्त कार्यक्रममा पत्रकार महासंघ पर्वतका अध्यक्ष श्री सन्तोष थापा लगाएत अन्य संचारकर्मी, स्वास्थ्यकर्मीहरु, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु गरि ३० जनाको उपस्थिति रहेको थियो जसको सहजीकरण पर्वत अस्पताल कुश्माका मेडिकल अधिकृत डा. सनम ढकाल र स्वास्थ्य कार्यालय पर्वतका जनस्वास्थ्य अधिकृत ममता ढकालले गर्नुभएको थियो।कार्यक्रममा डेंगी, कालाजार, स्क्रव टाइफस, औलो, जीका भाइरस र सापु जस्ता किटजन्य रोगहरुको रोकथाम र व्यवस्थापनबारे छलफल गरिएको थियो।





## कैदीबन्दीको स्वाथ्य परिक्षण कार्यक्रम

स्वास्थ्य कार्यालय पर्वतको अयोजनामा पर्वत जिल्ला स्थित कारागारका कैदीबन्दीको स्वास्थ्य परिक्षण कार्यक्रम सम्पन्न भएको छ। उक्त परिक्षण ९२ कैदी र ११ कारागार कर्मचारीमा गरिएको थियो जसका लागि पर्वत अस्पतालका डाक्टर दिपक रेग्मी , डा मुस्कान थापा ,ल्याब टेक्निसियन अमृत थापा सहित को टीम , प्यारामेडिक , नर्सिङ तथा स्वास्थ्य कार्यालय पर्वत टिम गरी १५ जनाले उक्त परीक्षणको सहजीकरण गर्नु भएको थियो। परिक्षणको नतिजा हेर्दा जम्मा ९२ जना मध्य कम तौल ३.३%, सामन्य तौल ५५.४%,%, उच्च तौल ३८.०%, मोटोपन ३.३% मा देखिएको थियो भने उच्च रक्तचापको जोखिममा ९.८% र उच्च रक्तचाप २५% मा देखिएको थियो। २.२% मा कोलेस्ट्रोल उच्च देखिएको थियो भने मधुमेहको अवस्था हेर्दा मधुमेहको जोखिम ३८% मा र ४.३% मा मधुमेह देखिएको थियो। Serum Creatinine: सिरम क्रिएटिनिनको जोखिम १.१% ,Urine Protein: पिसाबमा प्रोटिनको मात्र २.२% मा रहेको पाइयो भने सबैजनामा एच आई भी संक्रमण नेगेटिभ देखिएको थियो। परिक्षण पश्चात चिकित्सक द्वारा परामर्श पनि दिएको थियो।



## कुष्ठरोग कार्यक्रमको पालिका स्तरीय समीक्षा, अन्तरकृया एवं योजना तर्जुमा गोष्ठी

**मिति २०८१/०३/२२ गते:** स्वास्थ्य कार्यालय पर्वतको आयोजना तथा जलजला गाउँ पालिकाको समन्वयमा कुष्ठरोग कार्यक्रमको पालिका स्तरीय समीक्षा, अन्तरकृया एवम् योजना तर्जुमा गोष्ठी जलजला गाउँपालिकाका अध्यक्ष राजु आचार्यको अध्यक्षतामा सम्पन्न भएको छ। जलजला गाउँ पालिकाका सबै स्वास्थ्य संस्था प्रमुख/प्रतिनिधि,स्वास्थ्य शाखाका स्वास्थ्यकर्मी, जलजला गाउँ पालिका वार्ड नं २,३ र ४ का टोल सुधार समितिका प्रतिनिधि र महिला सामुदायिक स्वास्थ्य स्वयं सेबिकाका गरी ३२ जनाको सहभागीतामा कार्यक्रम सम्पन्न भएको हो। कार्यक्रमको सहजिकरण पर्वत अस्पतालका सर्जन डा.शिशिर देवकोटा र स्वास्थ्य कार्यालय पर्वतका परिवार नियोजन सुपरभाईजर निरिक्षक नारायण प्रसाद रेग्मीले गर्नु भएको थियो। कार्यक्रमको संचालन स्वास्थ्य शाखाकी सि.अ.न.मी अञ्जली बैरागीले गर्नु भएको थियो। त्यसै गरी कार्यक्रको समन्वय स्वास्थ्य शाखा प्रमुख गणेश मल्लले गर्नु भएको थियो। गत आव २०७९/८० मा जलजला गाउँ पालिकामा ६ जना नयाँ कुष्ठ रोगका विरामी रहेको र यस आर्थिक वर्षको जेष्ठ महिना सम्म ४ जना नया कुष्ठ रोगका विरामी थपिएका छन।






## आ.व. २०८०/८१ को सम्पुर्ण सम्पादित कृयाकलापहरुको पत्रकार सम्मेलन गरि प्रगति सार्वजनिक


**मिति २०८१/०३/२५ गते:** स्वास्थ्य कार्यालय पर्वतको आयोजनामा आ.व. २०८०/८१ को सम्पुर्ण सम्पादित कृयाकलापहरुको पत्रकार सम्मेलन गरि प्रगति सार्वजनिक गरिएको छ। कार्यक्रम स्वास्थ्य कार्यालय पर्वतको कार्यालय प्रमुख प्रवीण शर्मा ज्यूको अध्यक्षता र जिल्ला समन्वय समिती उपप्रमुख सोम वहादुर जि.सि ज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो। स्वास्थ्य कार्यालयले आ.व. २०८०/८१ मा सम्पन्न गरेको कार्यक्रमहरुको समिक्षा गर्दै अर्को बर्षको लागि सुझाव लिने उदेश्यले सन्चालन गरिएको उक्त कार्यक्रममा जिल्ला समन्वय अधिकारी कमल पुन, पर्वत अस्पतालका मे.सु डा.हेमन्त बास्तोला, पत्रकार महासंघ पर्वतका अध्यक्ष सन्तोष थापा, को. ले.नि.का. पर्वतका कोष नियन्त्रक गुरुदत्त शर्मा , जिल्ला प्रशासनका क.अ. भरत सापकोटा, विभिन्न मिडिया लाइ प्रतिनिधित्व गर्ने पत्रकारज्यूहरु लगायत २० जनाको उपस्थिति रहेको थियो। कार्यक्रम स्वास्थ्य कार्यालय पर्वतका प.हे.न.नि सुमन शर्माले संचालन गर्नुभएको थियो भने जिल्लाको प्रगती विवरण को प्रस्तुतीकरण कार्यालय प्रमुख शर्माले गर्नुभएको थियो।






## आ.व. २०८०/८१ को वार्षिक वित्तीय तथा भौतिक प्रगति

| बजेट शीर्षक | विनियोजित बजेट | खर्च भएको बजेट | वित्तीय प्रगति प्रतिशत (%) | भौतिक प्रगति प्रतिशत (%) |
|---|---|---|---|---|
| चालु तर्फ | ५१४४४१०० | ४५०४२६९४.४ | ८७.५६ | ९६ |
| पुँजीगत तर्फ | १४२५०००० | ७९७८८९३ | ५५.९९ | |
| कुल जम्मा | ६५६९४१०० | ५३०२१५८७.४ | ८०.७१ | |




वित्तिय प्रगती (%)
आ.व. २०८०/८१




भौतिक प्रगती (%)
आ.व. २०८०/८१

## आ.व. २०८१/८२ को लागी स्वास्थ्य व्यवस्थापन सुचना प्रणाली अन्तर्गतका Tools Format सम्पूर्ण स्थानीय तहलाई पठाउने तयारी











## आ.व. २०८०/८१ मा खानेपानी गुणस्तर परीक्षण निगरानीको प्रतिवेदन अवस्था

| स्थानीय तह | आयोजना संख्या | जम्मा परिक्षण नमुना संख्या | कोलिफर्म देखिएको आयोजना | कोलिफर्म नदेखिएको आयोजना |
|---|---|---|---|---|
| कुश्मा नगरपालिका | १२ | ३६ | ४ | ८ |
| फलेवास नगरपालिका | १८ | ५६ | ६ | १२ |
| विहादी गाँउपालिका | ६ | १८ | ३ | ३ |
| मोदी गाँउपालिका | १० | ३० | ३ | ७ |
| महाशिला गाँउपालिका | १४ | ३५ | १० | ४ |
| जलजला गाँउपालिका | ९ | २७ | २ | ७ |
| पैयूँ गाँउपालिका | १३ | ३८ | ५ | ८ |
| जम्मा | ८२ | २४० | ३३ (४०.२%) | ४९ (५९.८%) |



# स्थानीय तह विशेष

## स्वास्थ्य चौकीको न्यूनतम सेवा मापदण्डको अनुगमन कार्यक्रम

कुश्मा नगरपालिकाको आयोजना तथा स्वाथ्यमा कार्यालय पर्वतको सहकार्यमा कुश्मा नगरपालिका अन्तर्गतका ५ वटा स्वास्थ्य चौकिमा न्युनतम सेवा मापदण्डको अनुगमन मुल्यांकन कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रमको सहजिकारण स्वास्थ्य कार्यालय पर्वतका जनस्वास्थ्य अधिकृत अन्जली पि सि र वान हार्ट वर्ल्ड वाइडका जिल्ला संयोजक कविन्द्र रेग्मीले गर्नु भएको थियो । मूल्यांकनमा चुवा स्वास्थ्य चौकीको पहिलो मूल्यांकनमा ५९%, कटुवा चौपारी स्वास्थ्य चौकीको मूल्यांकनमा ५५% बाट ७९% , पिपलटारी स्वास्थ्य चौकीको ५९% देखि ७३% , पकुवा स्वास्थ्य चौकीको ४८% देखि ५२% र खुर्कोट स्वाथ्य चौकीको ५२% देखि ७२% अंक प्राप्त भएको थियो । मूल्यांकन पश्चात सुधारका लागि कार्ययोजना पनि बनाइएको थियो।





## स्वास्थ्य चौकीको न्यूनतम सेवा मापदण्डको अनुगमन कार्यक्रम

**मिति २०८१/०३/११ र १२ गते:** पैयूँ गाउँपालिकाको आयोजना तथा वान हार्ट वर्ल्डवाइड को सहयोगमा पैयूँ गाउँपालिकाका २ ओटा स्वास्थ्य चौकीमा प्रथम न्यूनतम सेवा मापदण्ड मापन कार्यक्रम सम्पन्न भएको छ। मिति २०८१/०३/११ गते सरौंखोला स्वास्थ्य चौकीको मुल्यांकनमा संस्थाले ७६% अंक प्राप्त गरेको छ भने २०८१/०३/१२ गते बेउलीबास स्वास्थ्य चौकीको मुल्यांकनमा संस्थाले प्रथम न्यूनतम सेवा मापदण्ड मापनमा ६६% अंक प्राप्त गरेको छ।






## लामखुट्टेको लार्भा खोज र नष्ट गर अभियान

**मिति २०८१/०३/१३ गते:** स्वास्थ्य कार्यालय पर्वतको आयोजना तथा कुश्मा न.पा. को समन्वयमा डेङी रोग नियन्त्रण अन्तर्गत लामखुट्टेको बासस्थान खोज र नष्ट गर कार्यक्रम कश्मा बजार, चुवा तथा कटुवाचौपारीमा सम्पन्न भएको छ। उक्त कार्यक्रममा स्वास्थ्य कार्यालयको टिम,पर्वत अस्पताल, कु.न.पा. का जनप्रतिनिधि, स्वास्थ्यकर्मी , म.स्वा.सेविका, सुरक्षाकर्मी लगायतको सहभागिता रहेको थियो।











## पोषण विशेष कार्यक्रम

पोषण विशेष कार्यक्रम अन्तर्गत विहादी गाउँपालिका स्वास्थ्य शाखाको आयोजनामा उरामपोखरा स्वास्थ्य चौकि , शालिग्राम स्वास्थ्य चौकी र वहाकीठाँटी स्वास्थ्य चौकीमा २ वर्ष मुनिका बालबालिका, गर्भवती महिला र सुत्केरी आमाहरुको पोषण स्क्रिनिङ अन्तर्गत Height, Weight, MUAC, Blood pressure जाँच गरी आवश्यक स्वास्थ्य परामर्श गरिएको छ।






## कुश्मा नगरपलिका

१. ५२ जना स्वास्थ्यकर्मीहरुका लागि सायनाप्रेस सम्बन्धी अभिमुखिकरण।
२. ३ स्वास्थ्य संस्थामा किशोर किशोरी मैत्री स्वास्थ्य संस्था तथा सेवा संचालन निर्देशिका २०७९ को बारेमा अभिमुखिकरण कार्यक्रम
३. कुश्मा स्वास्थ्य चौकी पाङमा प्रजनन रूग्णता स्वास्थ्य शिबिर संचालन तथा १३२ जना लाई सो सम्बन्धि सेवा प्रदान।
४. सबै वडामा वडा स्तरिय समिती गठन तथा क्षयरोग कार्यक्रमको अभिमुखिकरण।
५. ५ वटा स्वास्थ्य संस्थाको न्युनतम सेवा मापदन्ड को फलोअप सम्पन्न।
६. १४ जना क्षयरोग कार्यक्रमको स्वय सेवकहरूको २ दिने तालिम सम्पन्न एव ४ जना पि बि सी केस लाई पोषण प्रवधनका लागि खाद्यान्न बितरण।
७. ५ वटा संस्थाको खानेपानि गुणस्तर परिक्षण।
८. समुदाय स्तरमा हात्तिपाईले रोगको बिरामीहरू एव तिनमा भएको असरको खोज पडताल समपन्न।
९. किटजन्य रोग नियन्त्रणका लागि ६ वटा वडामा लार्भा खोज र नष्ट गर अभियान सम्पन्न।

## फलेबास नगरपलिका

१. सायना प्रेस सेवा प्रदायकलाई अभिमुखिकरण कार्यक्रम सम्पन्न।
२. क्षयरोग मुक्त अभियान कार्यक्रम वडास्तरिय कार्यक्रम सम्पन्न साथै स्वयंसेवकलाई अभिमुखिकरण कार्यक्रम सम्पन्न।
३. डेंगु नियन्त्रणका लागि सरसफाइ कार्यक्रम संचालन।
४. विध्यालय स्वास्थ्य शिक्षा कार्यक्रम।
५. सामुदायिक महिला स्वास्थ्य स्वयंसेवक कार्यक्रमको वार्षिक समीक्षा।
६. कार्किनेटा स्वास्थ्य चौकीमा पोषण कर्नर स्थापना।
७. फलेवास नगरपालिकाको कार्यालयमा स्तनपान कक्षको स्थापना।
८. लिमिठाना, पाङराङ स्वास्थ्य चौकीमा र नगरअस्पतालमा पावर ब्याकअप जडान।

## मोदी गाउँपालिका

१. स्वास्थ्यकर्मीहरुका लागि सायना प्रेस सम्बन्धी अभिमुखिकरण समपन्न।
२. किशोर किशोरी मैत्री स्वास्थ्य संस्था तथा सेवा संचालन निर्देशिका २०७९ को बारेमा सरोकारवालाहरुको अभिमुखिकरण।
३. स्वास्थ्यकर्मिहरु लाई eHMIS तालिम संचालन।
४. क्षयरोग कार्यक्रमको अभिमुखिकरण तथा क्षयरोग स्कृनिङ कार्यक्रम सम्पन्न, ३ जना नयाँ क्षयरोगिको पहिचान गरिएको।
५. क्षयरोग तथा नसर्ने रोगहरुको अभिमुखीकरण तथा परिक्षण शिविर सम्पन्न।
६. सबै सामुदायिक स्वास्थ्य इकाईहरुमा इन्टरनेट तथा कम्प्युटर जडान।
७. नियमित रुपमा गर्नुपर्ने पालिकास्तरका बिबिध क्रियाकलापहरु औषधि वितरण, सुपरिवेक्षण, अनुगमन, मुल्यांकन र बिभिन्न बैठक तथा कार्यक्रमहरुमा सहभागिता जनाएको।

## जलजला गाउँपालिका

१. किशोर किशोरी मैत्री स्वास्थय संस्था संचालन र मुल्यनङकन पालिका स्तरिय समिति गठन र स्वास्थ्यकर्मिलाई अभिमुखिकरण।
२. सायना प्रेश को स्वास्थ्यकर्मिहरू लाई अभिमुखिकरण।
३. नियमित खोप र सरसफाई प्रवर्धन कार्यक्रमको डाटा भेरिफिकेसन , संस्था स्तरिय सुक्ष्मयोजना र समिक्षा गोष्ठि।

## महाशिला गाउँपालिका

१. सायना प्रेस सम्बन्धि सम्पुर्ण स्वास्थ्यकर्मीहरु र नर्सिङ कर्मचारीहरुलाई अभिमुखिकरण।
२. इन्चार्ज तथा स्वास्थ्यकर्मिहरु लाई eHMIS Training संचालन गरि सेवा सुभारम्भ।
३. महिला स्वास्थ्य स्वयंसेवकहरुको बार्षिक समिक्षा सम्पन्न।
४. पाखापानी र बालाकोट स्वास्थ्य चौकिमा MSS कार्यक्रम सम्पन्न।
५. MMDP को डाटा collection and reporting।
६. विभिन्न बिध्यालयहरुमा स्वास्थ्य शिक्षा कार्यक्रम।

## बिहादी गाउँपालिका

१. स्वास्थ्यकर्मीहरुका लागि सायनाप्रेस अभिमुखिकरण।
२. ASRH कार्यक्रम को सरोकारवालाहरु सङ अभिमुखिकरण तथा बराचौर र रानिपानीमा २ सस्थामा स्वमुल्यान्कन कार्यक्रम सम्पन्न।
३. ३)सबै वडाको समुदायमा क्षयरोग कार्यक्रमको अभिमुखिकरण तथा क्षयरोग स्कृनिङ कार्यक्रम सम्पन्न।
४. TB रोगको अर्धवार्षिक समीक्षा कार्यक्रम सम्पन्न।
५. सबै सस्थामा २ बर्श मुनिका बालबालिका , गर्भवती तथा सुत्केरी आमाहरूको पोषण स्क्रुनिङ सम्पन्न।
६. साथै प्रत्येक सस्था बाट १/१ गरि ६ वटा बिद्यालयमा बिधालय स्वास्थ्य शिक्षा कार्यक्रम सम्पन्न।
७. बाकी रहेका २ सस्था वहाकी र शालिग्राममा IMNCI अन साइड कोचिङ कार्यक्रम सम्पन्न।
८. रानिपानी र बराचौर स्वास्थ्य सस्थामा सोलार ब्याकअप जडान सम्पन्न।

## पैयु गाउँपालिका

१. किशोर किशोरी मैत्री स्वास्थ्य संस्था सम्बन्धी स्वास्थ्यकर्मिलाई अभिमुखिकरण।
२. सायना प्रेश सम्बन्धी सेवा प्रदायक स्वास्थ्यकर्मिहरू तथा ईन्चार्जज्यूलाई अभिमुखिकरण।
३. नियमित खोप र सरसफाई प्रवर्धन कार्यक्रमको डाटा भेरिफिकेसन , संस्था स्तरिय सुक्ष्मयोजना र समिक्षा गोष्ठि।
४. २ओटा स्वास्थ्य चौकी(सरौखोला स्वास्थ्य चौकी र बेउलीबास स्वास्थ्य चौकी) मा न्यूनतम सेवा मापदण्ड मापन सम्बन्धी कार्यक्रम सम्पन्न।
५. त्रिबेणी र भोर्ले स्वास्थ्य चौकीमा IMNCI सम्बन्धी Onesite Coaching सम्पन्न।
६. गर्भवतीहरूलाई पोषण भत्ता वितरण।
७. क्षयरोगीहरूलाई पोषण भत्ता वितरण।
८. स्वास्थ्य चौकीहरू द्वारा डेंगुe फैलाउने लामखुट्टेको वास स्थान हुन सक्ने सम्भावित ठाउँहरू नष्ट गर्ने उदेश्यले सरसफाई कार्क्रम सञ्चालन।
९. विभिन्न विध्दयालयमा स्वास्थ्य शिक्षा प्रदान गर्ने कार्यक्रम समपन्न।

# स्वास्थ्यकर्मी विशेष

### "पूर्ण खोप लगाउन आव्हान" बच्चा सबैलाई पूर्ण खोप दिउ




**विन्दु गौतम**
**पब्लिक हेल्थ नर्स**
**फलेवास नगरपालिका नगर कार्यपालिकाको कार्यालय, पर्वत**

### गित भाका: हिउचुलिमा हिउ

१. जन्मसाथ खोप लगाउ बि.सी.जी. यसो गरे सुन आमा लाग्दैन रोग टि.वि.।
२. बचाउने छ १३ थर रोग देखि दिएकै छौ सुन बाबा खोप कार्डमा नाम लेखि।
३. जम्मा जम्मी ७ पटक धाउनु छ तर वृद्धि सुन दाजु हेर्नलाई आउनु छ।
४. ज्वरो आउला केहि समय दुख्ला नि तर डरले सुन दिदि रोग आफै लुक्ला नि।
५. प्रत्येक महिना तैल उचाई हेर्नु ल ठिक नभएमा सुन भाइ खानपिन फेर्नु ल।
६. २३ महिनामा हुन्छ खोप सब पुरा राख्न हुन्न सुन बैनी कुनै नि अधुरा।
७. अघि बढौ हातमा हात समायर हुर्कन पाउन सुन साबि बालबच्चा रमाएर।
८. तिनै तह एकै भै खटौंन शिशु बालक सुन सबै मृत्युदर घटाउन।



**अन्जन पौडेल**
**मुडीकुवा स्वास्थ्य चौकी, फलेवास नगरपालिका नगर कार्यपालिकाको कार्यालय, पर्वत**

### गित भाका: पानफुले पछ्यौरी

१. छैन अहिले ( पहिलाको चारपटक)[2] गर्भ जाँच्न आउनुस है आठ पटक पानफुले पछ्यौरी हाँसीहाँसी गर्भ जांच गरौ है कम्तीमा आठ चोटी
२. पहिलो पटक (थाहा पाउने बित्तिक)[2] स्वास्थ संस्था आइ गर्नु निश्चित पानफुले पछ्यौरी हाँसीहाँसी गर्भ जांच गरौ है कम्तीमा आठ चोटी
३. अरुभन्दा (एकपटक थप खाना )[2] गर्भवती सबैले यो जान पानफुले पछ्यौरी हाँसीहाँसी गर्भ जांच गरौ है कम्तीमा आठ चोटी
४. लाउनु पर्छ (भ्याक्सिन टि डी )[2] स्वास्थ्य संस्था आउनुस है ए दिदी पानफुले पछ्यौरी हाँसीहाँसी गर्भ जांच गरौ है कम्तीमा आठ चोटी
५. पहिलो गर्भ (दुई मात्रा लगाउने )[2] स्वास्थ्य सन्देश हो हामीले जगाउने पानफुले पछ्यौरी हाँसीहाँसी गर्भ जांच गरौ है कम्तीमा आठ चोटी
६. आइरन नखाइ (हुदैन हिंड्न लाई )[2] नि:शुल्क छ पर्दैन किन्न लाई पानफुले पछ्यौरी हाँसीहाँसी गर्भ जांच गरौं है कम्ती मा आठ चोटी



## तपाईंको घर गाउँ बाढी, पहिरो वा डुबानको जोखिममा छ?

### पुर्वतयारीका लागि गरौं यी ५ काम

१ नदीको जलसतहले सतर्कता तह पार गरेका केही म्यासेज पो आयो कि बेला बेला मोबाइलमा चेक गर्नुहोस्, स्थानीय रेडियोका समाचार पनि बेला बेला सुन्नुहोस्

२ सुरक्षित स्थानतिर जान भनिएको छ भने सूचनामा भनिए जस्तै सुरक्षित स्थान तिर जानुहोस् ।



३ मोबाइलमा ब्याट्री र ब्यालेन्स छ छैन चेक गर्नुस् । यस्तो बेला अनावश्यक, तथा लामो कुराकानी नगर्नुहोस् - ब्याट्री बचाएर, ब्यालेन्स हालेर मोबाइल आफैसँग राख्नुहोस् ।

४ मोबाइलमा अत्यावश्यक फोन नम्बरहरु सेभ गरेर राख्नुहोस् ।- जस्तो कि बाढीबारे बुझ्न ११५५, मद्धतको लागि ११४९, प्रहरी डाक्न १०० र स्वास्थ्य समस्या भए १११५

५ अत्यावश्यक कागजातहरु जस्तो कि नागरिकता, लालपूर्जा, जन्मदर्ता, विवाहदर्ता, राहदानी, शैक्षिक प्रमाणपत्रहरु साथै गरगहना र नगद, साथै अत्यावश्यक औषधि, टर्चलाईट, पानी, तयारी खाजा जस्ता सामानहरु एउटा झटपट झोलामा सुरक्षित राख्नुहोस् र सुरक्षित स्थान तिर जाँदा सँगै लानुहोस् ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र

## विपदको समयमा खानेपानी तथा सरसफाईमा विशेष ध्यान दिऔं



- क्लोरीन झोल वा ट्याबलेट हालेर वा उमालेर पानीलाई शुद्धिकरण गरेको पानी मात्र पिऔं।
- शुद्धिकरण गरेको पानी सधैं सफा भाँडामा छोपेर राखौं ।
- पानी निकाल्ने भाँडा सधैं सफा राखौं।
- सडेगलेका, बासी र झिंगा भन्केका खाने कुराहरु नखाऔं।
- काँक्रो, गाँजर, फलफूल जस्ता काँचै खान मिल्ने खानेकुरा सधैं सफा पानीले धोएर खाने गरौं।



- खाना पकाउनुअघि, खाना खानुअघि, बच्चालाई खाना खुवाउनुअघि, फोहोर छोएपछि, दिसापिसाब गरेपछि, चर्पीको प्रयोग गरेपछि र बच्चाको दिसा धोएपछि सधैं साबुनपानीले मिचिमिचि हात धोऔं।
- जथाभावी दिसा पिसाब नगरौं र नगराऔं।
- चर्पीमा मात्र दिसा पिसाब गर्ने गरौं र बच्चाको दिसालाई पनि चर्पीमा नै बिसर्जन गरौं।



- फोहरलाई सधैं निश्चित ठाउँमा सहि तरीकाले व्यवस्थापन गरौं।
- खोक्दा, हाच्छ्युँ गर्दा सफा कपडाले नाक मुख छोप्ने गरौं।
- झाडापखाला, हैजा, आउँ, निमोनिया, रुघा खोकी तथा टाईफाइडका लक्षण देखिएमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र

## डेंगी नियन्त्रणका तीन उपाय

- लामखुट्टेको वृद्धि विकास रोक्न लामखुट्टेले फुल पार्न सक्ने ठाउँ पत्ता लगाई नष्ट गर्ने तथा गमला, टायर वा कुनैपनि खुला भाँडामा पानी जम्न नदिने
- लामखुट्टेको टोकाईबाट बच्ने उपायहरु अपनाउने
- डेंगीका लक्षण देखिए तत्काल स्वास्थ्यकर्मी संग सल्लाह गरी उपचार गराउने



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र

## झाडापखाला, हैजा र डेंगीबाट बचौं

**अविरल भइरहेको वर्षाले झाडापखला, हैजा र डेंगीको खतरा बढेको छ । तसर्थ, झाडापखला र हैजाबाट बच्न:**

- सधैं पानी उमालेर वा क्लोरिन झोल प्रयोग गरेर मात्र पिऔं,
- व्यक्तिगत सरसफाई (विशेष गरी हातको सरसफाई) मा ध्यान दिऔं
- बासी सढेगलेका खानेकुरा नखाऔं,
- खानालाई छोपेर राखौं,
- काँचै खान मिल्ने फलफूल र तरकारीको सरसफाईलाई विशेष ध्यान पुर्याऔं

**साथै खुल्ला रूपमा दिसापिसाब नगरौं, चर्पीको अनिवार्य प्रयोग गरौं र दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचि मिचि हात धोऔं ।**

**साथै एडीस जातका लामखुट्टेको (कालो-सेतो छिर्केमिर्के देखिने) टोकाईबाट सर्ने डेंगी रोगबाट बच्न:**



- आफ्नो घर वरपर तथा कार्यस्थलमा सफा पानी जमेको ठाउँमा लामखुट्टेले फूल पार्ने भएको हुँदा पानी जम्न नदिऔं
- घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हालौं,
- जुनसुकै बेला सुत्दा झुलको प्रयोग गरौं,
- पुरै शरिर ढाक्ने लुगा लगाउन र सचेत रहन अनुरोध गर्दछौं।

**साथै खाद्यान्न तथा खानेपानी वितरक सम्पुर्ण सरोकारवाला निकाय तथा व्यवसायीहरुलाई सचेत रहन अनुरोध गर्दछौं ।**

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

नेपाल सरकार

# स्वास्थ्य बीमा बोर्ड

बबरमहल, काठमाडौं

## स्वास्थ्य बीमा कार्यक्रममा सहभागी होऔं, समयमै स्वास्थ्य बीमा गरौं

योगदान रकम तथा सुविधा योजना

| परिवार सदस्य | योगदान रकम | सुविधा सीमा |
|---|---|---|
| १ देखि ५ जना सम्म | रु ३५,०० ।- | रु १,००,००० ।- |
| प्रति थप सदस्यको लागि रु. ७०० ।- | | थप सुविधा रकम रु. २०,००० ।- |

## अधिकतम सुविधा थैली रु २,००,००० ।- सम्म

- अति गरिब, अति अशक्त अपाङ्गता (रातो कार्ड), कुष्ठरोगी, एच.आई.भी. संक्रमित, जटिल खालका क्षय रोग (एम.डि.आर.टि.बी) बिरामी ७० वर्ष पुगेका ज्येष्ठ नागरीकको योगदान रकमको शतप्रतिशत छुट र महिला स्वास्थ्य स्वयंमसेविका संलग्न भएको परिवारको योगदान रकमको पचास प्रतिशत छुट ।
- स्वास्थ्य बीमामा सूचिकृत भएका स्वास्थ्य संस्थाबाट नियमानुसारसेवा लिन सकिने र आवश्यकता अनुसार प्रेषणको (Refer) व्यवस्था भएको ।

## आबद्धता

- प्रत्येक वडाहरुमा रहने स्वास्थ्य बीमा दर्ता सहयोगीमार्फत स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध हुन सकिन्छ ।
- बीमा नविकरणको लागि सम्बन्धित दर्ता सहयोगी वा अनलाईनमार्फत आफै (Connect IPS, eSewa, Khalti) पनि गर्न सकिन्छ ।

| कार्यक्रमबाट प्राप्त हुने सुविधाहरु | कार्यक्रमले नसमेट्ने सेवाहरु |
|---|---|
| १. बहिरंग (OPD सेवा) | १. वार्षिक रुपमा बोर्डले तोकेभन्दा बढीको चस्मा, श्रवणयन्त्र, सेतो छडी र वैशाखी |
| २. अन्तरंग सेवा (अस्पतालमा भर्ना भई गरिने सेवा) | २. कस्मेटिक सर्जरी |
| ३. निदात्मक सेवा ( Lab, X-Ray, USG, MRI, CT scan etc) | ३. आधारभुत स्वास्थ्य सेवा |
| ४. आकस्मिक सेवा (ईमरजेन्सी सेवा) | ४. निशुल्क उपलब्ध हुने औषधिहरु |
| ५. सुविधा थैलीमा उपलब्ध औषधीहरु | ५. महंगा खालका दन्त उपचार |
| ६. शल्यक्रिया सेवा (विभिन्न साना तथा ठुला) | ६. कृतिम गर्भपतन, कृत्रिम गर्भाधान सेवा |

विस्तृत जानकारीका लागि

फोन नं ०७७-०१-४१०२२३ टोल फ्री: १६६००११२४

Website: www.hib.gov.np

**स्वास्थ्य बीमामा २०८० बैशाख १ देखि २०८० असार मसान्तमा आबद्ध नया दर्ता तथा नबिकरण गरी २०८० भद्र १ गते बाट सेवा सुरु गरेका बीमितहरुले सेवा निरन्तरताको लागि २०८१ असार मसान्तसम्म नबिकरण गरिसक्नु पर्ने हुन्छ। नबिकरणको लागि आ-आफ्नो वार्डमा रहेको दर्ता सहयोगीका साथै Online मार्फत पनि गर्न सकिने व्यहोरा जानकारी गरिन्छ। नबिकरण Online मार्फत गर्नको लागि: Nagarik App, Khalti wallet, eSewa Wallet र connect IPS मार्फत घरमुलीको बीमा Number राखी नबिकरण गर्न सकिने व्यहोरा सबैमा जानकारी गरिन्छ। २०८१ असार पश्चात अथवा २०८१ साउन १ गते देखिको नया दर्ता तथा नबिकरण स्वतः २०८१ मंशिर १ देखि क्रियाशील हुने व्यहोरा सम्पूर्णमा जानकारी गरिन्छ। "साथै सेवा निरन्तरताको लागि सेवा समाप्त हुनु भन्दा १ महिना अगावै नबिकरण गरि सक्नुपर्ने हुन्छ।**

## नाइरोबी फ्लाइ संक्रमण बारे जानकारी



नाइरोबी फ्लाइ सुन्तला र कालो रंगको एक सानो किरा हो । यो सामान्यतया पानी परेपश्चात वा बढी आद्रता भएको स्थानमा पाइने गर्दछ । यसले मानवलाइ टोक्दैन तर यसको सम्पर्कमा आएपश्चात उक्त किराले निकाल्ने एक प्रकारको अम्ल(Acid) ले छालामा एलर्जी गराउदछ ।



यसको संक्रमण भएमा छालामा चिलाउने, जलन हुने, छाला रातो हुने, जनैखटिरा जस्तै खटिरा देखिने र १२ देखी ३६ घण्टा पश्चात उक्त घाउबाट तरल पदार्थ चुहिने जस्ता लक्षण देखा पर्दछन।

### रोकथामः



- नाइरोबि फ्लाइ किराको सम्पर्क बाट बच्नको लागी राती सुत्दा झुलको प्रयोग गर्ने, लामो बाहुला भएको लुगा लगाउने, रातीको समयमा चम्किलो उज्यालो भएको बत्तिमुनी नबस्ने (अरु किराजस्तै नाइरोबी फ्लाइ किरापनि बत्तिमा आकर्षित हुने गर्दछ।)



- यदि किरा तपाईँको छालामा बसेको छ भने, त्यसलाई हल्कासँग फुकेर भगाउनुहोस, मार्ने काम नगर्नुहोस।

### उपचार र व्यवस्थापनः

- किरा बसेको छालाको भागलाइ सावुन पानीले राम्ररी सफा गरेर धुने, चिसो पानीले सेक्ने ।
- थप उपचारको लागी स्वास्थ्यकर्मीको सल्लाह लिने ।



सामान्यतया यो संक्रमण ७ देखी २८ दिन भित्रमा निको भएर जान्छ